चुनौतीःआधुनिक कृषि प्रणाली अवलम्बन गरी व्यवसायिक कृषि तथा पशुपालन गर्नु, सबैकिसानलाई वीमाप्रणालीमा आबद्ध गर्नु, कृषि तथा पशुजन्य उत्पादनलाई मूल्य श्रृङ्खलामा आबद्ध गर्नु,बाली सघनीकरण एवंविविधीकरण गर्नु, सबै कृषि जमिनमा सिंचाइको सुविधा पुर्याउनु,कृषि तथा पशुपालनलाई मर्यादित पेशाकोरुपमा विकास गर्दै युवालाई आकर्षित गर्नु, कृषकलाई बजारमूल्यको सूचना र बजारकोपहुँच विस्तार गर्नु,शित भण्डारको व्यवस्था गर्नु आदि।

### ३. उद्देश्यः

वैज्ञानिक कृषि र पशुपालनकोअवलम्बन गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।

### ४. रणनीतिः

- कृषि तथा पशुपालनलाई आधुनिककरण एवं व्यवसायीकरण गर्ने
- नगरपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउने,
- कृषि पूर्वाधारको विकास गर्ने,
- कृषि जमिनको खण्डीकरण र बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने।

## ५. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| कृषि तथा पशु विकासउपक्षेत्रगत नतिजा सूचक र लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचक | एकाई | गत आ.ब. सम्मको वास्तविक उपलब्धी | चालु आ.ब. सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
| | | | | २०८२\८३ | २०८३\८४ | २०८४\८५ |
| खाद्यान्न वालीको उत्पादन | मे.ट. | | १४९३ | | | |
| तरकारी उत्पादन | मे.ट | | १०६८ | | | |
| फलफुल उत्पादन | मे.ट | | २१८ | | | |
| दलहन, तेलहन उत्पादन | मे.ट | ३३८ | | | | |
| आफ्नो उत्पादनले तीन महिनाभन्दा कम खान पुग्नेपरिवार | प्रतिशत | ६.८९ | ६.५५ | ६.३० | ६.१५ | ६ |
| कृषि वीमामा आवद्ध परिवार | प्रतिशत | १०.०० | १५.०० | २१ | ३० | ४० |
| व्यवसायिक पशुपालन फर्म | संख्या | ५२ | ५७ | ५९ | ६२ | ६६ |
| कृषक सूचिकरण | प्रतिशत | ३५ | ७८ | १०० | ० | ० |
| कृषि समूह, संस्था तथा सहकारी | संख्या | ३० | २९ | १ | १ | १ |
| कृषि पकेट क्षेत्र विकास | संख्या | २० | ३ | १ | १ | १ |
| दुग्ध डेरी | संख्या | २ | २ | | | |
| कृषक समूह | संख्या | ६७ | ७० | २ | १ | १ |
| कृषि तथा पशुपंक्षी फर्म दर्ता | संख्या | २०८ | २३१ | ९ | ५ | ७ |

## ६. कृषि तथा पशु विकासको क्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षिय अनुमान

रकम रु. हजारमा

| आ.ब. | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वितीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२।८३ | 15175 | 15175 | 0 | | 0 | 13102 | 2073 | |
| २०८३।८४ | 15200 | 15200 | 0 | | 0 | 13100 | 2100 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८४/८५ | 15500 | 15500 | 0 | | 0 | 13300 | 2200 | |

७. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम आयोजना | उद्देश्य | सुरु र समाप्ती अवधि | लागत रु हजारमा | आगामी ३ वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | लागतका आधारमा अनुदान, औषधी वितरण, विउपल वितरण, कृषि उपकरण वितरण, टनेल वितरण, गोठ खोर सुधार सहयोग, तरकारी तथा फलफुलका विरुवा वितरण, किसान सूचिकरण, विभिन्न फर्महरुलाइ सहयोग, च्याउ खेती सहयोग, विभिन्न तालिम, कृषि विमा कार्यक्रम आदी | कृषिउत्पादनमा वृद्धि, आय आर्जन | सालबसाली | 45875 | कृषि उत्पादन, आय आर्जन वृद्धि, किसान र कृषि सम्बन्धि जानकारी |

८. अपेक्षित उपलब्धि तथा अनुमान

कृषि उत्पादनको बजार विस्तार भएको हुने,कृषि विकासमा तीनै तहका सरकार र सरोकारवालाहरूको समन्वय र सहकार्य भएको हुने, वैक तथा वित्तीयक्षेत्रको लगानी कृषिक्षेत्रमा वढेको हुने, कृषि वीमाको विस्तार भएको हुने,आदि।

९. जोखिम पक्ष माथि ८ का अनुमानहरू वास्तविकतामा रूपान्तरण नभएमा निर्धारित नतिजा प्राप्त नहुने वा प्राप्त नहुने जोखिम रहन्छ।

## ३.२ सहकारी तथा गरिबी निवारण

१. पृष्ठभूमि

नेपाल सरकारले निजीक्षेत्र, सरकार, र सहकारी सहितको तीन खम्वे नीतिलाई आत्मसाथ गरेकोछ। नागरिकको वित्तीय पहुँचमाअभिवृद्धि, स-सानाबचत संकलन गरी पुँजीको विकास, नागरिकहरुमा सहकार्यको विकास, आय र रोजगारीको अवसरको विकास गरी गरिबी निवारणमा योगदान पुर्याउन सहकारीको महत्वपूर्ण भूमिका रहन्छ। दिगोविकासको लक्ष्य १ "गरिबीको अन्त्य"का लागि यस क्षेत्रको उल्लेखनीय भूमिका रहन्छ ।

२. समस्या तथा चुनौती

समस्या:सहकारीहरू नाफामुखि हुँदैजानु, आय आर्जन र रोजगारमुखी कार्यक्रममान्यून लगानी हुनु, गरिब तथा असहायमावित्तीयपहुँचकमजोर हुनु, सहकारीको अनुगमन तथा नियमन कमजोर हुनु आदि।

चुनौती: सहकारीको लगानीलाईउत्पादनशीलक्षेत्रमाउपयोग गर्नु, सहकारिताकोभावनाको विकास गर्दै सामाजिक सद्भावको विकास गर्नु, गरिब, महिला र आय तथा रोजगारी विहीन नागरिकलाई सहकारीमा आबद्ध गरि आय आर्जन र रोजगारीका कार्यक्रम प्रवर्द्धन गर्नु, आदि।

३. उद्देश्य:

"सहकारीलाईआर्थिक विकासको आधार स्तम्भकोरूपमा लिई स्थानीय श्रोत र साधनको परिचालन गर्नु"।

४. रणनीति:

- सहकारीको गुणात्मक विकास गर्ने।
- सहकारीको लगानीलाई विपन्न, दलित तथा पिछडिएको वर्गकोउत्थानमा बढी परिचालन गर्ने।
- सहकारीको अनुगमन र नियमनलाई प्रभावकारी बनाउने।

५. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सहकारी तथा गरिबी निवारण उपक्षेत्रगत नतिजा सूचक रलक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचक | एकाई | गत आ.ब. सम्मको वास्तविक उपलब्धी | चालु आ.ब. सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
| | | | | २०८२\८३ | २०८३\८४ | २०८४\८५ |
| कृषि सहकारी एवं बहु उद्देश्य सहकारी संस्था | संख्या | ३० | २९ | १ | १ | १ |
| सहकारीमा आबद्ध परिवार | संख्या | ३६० | | | | |

६. सहकारी तथा गरिबीनिवारण क्षेत्रको खर्च तथा श्रोतको त्रिवर्षिय अनुमान

रकम रु. हजारमा

| आ.ब. | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वितीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२।८३ | 2300 | 3000 | 2000 | 0 | 300 | 0 | 2000 | 0 |
| २०८३।८४ | 500 | 500 | 0 | 0 | 0 | 0 | 0 | 0 |

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८४।८५ | 600 | 600 | 0 | 0 | 0 | 0 | 0 | 0 |

७. सहकारी तथा गरिबी निवारण क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम आयोजना | उद्देश्य | सुरु र समाप्ती अवधि | कुल लागत रु हजारमा | आगामी ३ वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| 1 | सहकारीहरुको भवन तथा पूर्वाधार निमार्ण | सहकारीहरूको पूर्वाधार विकास | बहुवर्षिय | 3400 | सहकारीबाट वितीय सेवा प्रवाह |

८. जोखिम पक्ष तथा अनुमान

सहकारीकोपहुँचगरिब र विपन्न सम्म पुगेको हुने, तीनै तहका सरकारको नीतिगत समन्वय भएको हुने, सहकारीको नियमन प्रभावकारी भएको हुने, भन्ने अनुमान गरिएको छ जुन पूरानभएमा अपेक्षित नतिजा प्राप्तिको जोखिम रहनेछ।

## ३.३ उद्योग, वाणिज्य तथा आपूर्ति

१. पृष्ठभूमि

उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्र उत्पादन र रोजगारीको महत्वपूर्ण क्षेत्र भएपनि यहाँका ८.४१ प्रतिशत [1] परिवारमात्र यस पेशामा संलग्न देखिन्छन्।

२. समस्या तथा चुनौती

समस्याः औद्योगिक पूर्वाधार नहुनु, उद्योग, व्यवसाय दर्ता प्रक्रिया झंझटिलो हुनु, ,व्यवस्थित हाट बजारको व्यवस्था नहुनु आदि।

चुनौतीः औद्योगिक ग्रामको स्थापना गर्नु, स्थानीयस्तरमा उद्यमशिलता विकास गर्नु, विप्रेषण आयलाई स्थानीय उद्योग व्यवसायकोविकासमा उपयोग गर्नु,स्थानीय तथा बाह्यलगानीकर्तालाई आकर्षित गर्नु स्थानीय वजारकेन्द्रहरूकोविकास गर्नु, आदि।

३. उद्देश्यः

स्थानीय श्रोत साधनमा आधारित उद्योग व्यवसायको विकास गर्नु।

---

[1]शितगंगा नगरपालिकाको पार्श्वचित्र, २०७६

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

४. रणनीतिः

- स्थानीय तथा बाह्य लगानी आकर्षित गर्ने।
- जडीबुटी प्रशोधन तथा वनजन्य उद्योग स्थापनामा जोड दिने।
- स्थानीय व्यापार व्यवसायको प्रवर्द्धन गर्ने।

५. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| आर्थिक क्षेत्र, उद्योग उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचक | एकाई | गत आ.ब. सम्मको वास्तविक उपलब्धी | चालु आ.ब. सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
| | | | | २०८२\८३ | २०८३\८४ | २०८४\८५ |
| साना तथा घरेलु/मझौला तथा ठुला उद्योग | संख्या | १२० | ४४ | ५० | ६० | ७० |
| उद्योग व्यवसायबाट श्रृजित रोजगारी | संख्या | १२५ | ४४ | ५० | ६० | ७० |
| व्यापार व्यवसाय | संख्या | ८१६ | ४४ | ५० | ६० | ७० |
| नगरपालिका भित्र हाट बजार केन्द्र | संख्या | ९ | १ | १ | २ | ३ |
| व्यवसायिक मेला तथा कार्यक्रमहरू | संख्या | १ | १ | २ | २ | २ |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त व्यक्ति | प्रतिशत | ६.५ | ६.७ | ६.८ | ६.९ | ७ |

६. विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षिय अनुमान

रकम रु. हजारमा

| आ.ब. | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२।८३ | 2300 | 2300 | 0 | | 0 | 2300 | 0 | 0 |
| २०८३।८४ | 2400 | 2400 | 0 | | 0 | 2400 | | |
| २०८४।८५ | 2500 | 2500 | 0 | | 0 | 2500 | | |

७. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम आयोजना | उद्देश्य | सुरु र समाप्ती अवधि | लागत रु हजारमा | आगामी ३ वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | उद्योग सम्बन्धि कार्यक्रम संचालन, औद्योगिक ग्राम निर्माण, विभिन्न शिप मुलक तालिम संचालन, प्रविधि हस्तान्तरण | स्थानीय श्रोत साधनमा आधारित उद्योग व्यवसायको विकास, दक्ष र व्यवसायिक जनशक्ती उत्पान | बहुवर्षाय सालबसाली | 7200 | व्यापार व्यवसाय विकास तथा प्रवद्धन, रोजगारी श्रृजना, आय आर्जन |

८. जोखिम पक्ष तथा अनुमान

विप्रेषण लगानी उद्यम व्यवसायमा बढेको हुने, तीनै तहका सरकारको नीतिगत समन्वय भएको हुने, वैंक तथा वित्तीय क्षेत्रको उद्योग व्यवसायमा क्षेत्रमा बढेको हुने आदि अनुमान गरिएको छ।

## ३.४ संस्कृति तथा पर्यटन

१. पृष्ठभूमि

यो नगरपालिकाको लगभग ८० प्रतिशत भूभाग वन जंगलले ढाकिएको छ। ।चुरे र महाभारत शृङ्खलामा फैलिएकोयो नगरपालिकामा डमरुदह, रानी ओडार, सुपा देउराली क्षेत्र, सोम तिर्थ, बग्रकाबाजे, जयकोट,कोठियामाई मन्दिर, मगरको मन्दिर, खुम्चिकोट शिवालय मन्दिर, शिवगढी धाम, पतञ्जली क्षेत्र तथा बाणगंगेश्वरी धाम जस्ता प्रशस्त पर्यटकीय स्थलहरु आकर्षणकारुपमा रहेकाछन्।

शितगंगा नगर कार्यपालिकाको कार्यालय, लुम्बिनी प्रदेश

२. समस्या तथा चुनौती

समस्या: सडक तथा पर्यटकीय पदमार्ग को कमी हुनु, धार्मिक एवं पर्यटकीय स्थलको मर्मत संभार नहुनु, पर्यटकीय क्षेत्रको प्रचार प्रसार हुन नसक्नु, होम स्टे, पाहुना घर आदिकोविकास हुन नसक्नु आदि।

चुनौती: पर्यटकीय पूर्वाधारको विकास गर्नु, बुटवल तथा लुम्बिनी आउने पर्यटकलाई आकर्षण गर्नु,नयाँ पर्यटकीय उपज र स्थलहरुको निर्माण गर्नु, पर्यटनलाई स्थानीय आय र रोजगारीसँग जोड्नु आदि।

३. उद्देश्य:

"नगरपालिकालाई पर्यटकीय एवं सुन्दर नगरीकोरूपमा विकास गर्नु"।

४. रणनीति:

- आन्तरिक तथा बाह् पर्यटकको आगमन बढाउने,
- पर्यटकीय क्षेत्रहरूको पहिचान, संरक्षण तथा संवर्द्धन गर्ने,
- विशिष्ट पहिचान दिने स्थानीय कला संस्कृतिकोविकास गर्ने,
- पर्यटन प्रवर्द्धनमा निजीक्षेत्रसँग सहकार्य गर्ने।

५. संस्कृति तथा पर्यटन उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| संस्कृति तथा पर्यटन उपक्षेत्रगत नतिजा सूचक रलक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचक | एकाई | गत आ.ब. सम्मको वास्तविक उपलब्धी | चालु आ.ब. सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
| | | | | २०८२\८३ | २०८३\८४ | २०८४\८५ |
| पर्यटक (आन्तरिक\बाह्य) | संख्या | ४०,००० | २०० | ३०० | ५०० | १००० |
| पर्यटन व्यवसायमा संलग्न व्यक्ति | संख्या | ६०० | ५ | १० | २० | ३० |
| व्यवस्थित पर्यटकीय तथा धार्मिक मठ मन्दीरस्थल | संख्या | ६० | २ | ० | ० | ० |
| होटेल तथा रेष्टुरेन्ट | संख्या | ३०५ | ५ | १० | १५ | २० |
| होम स्टे | संख्या | ० | ० | २ | ० | ० |

६. विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षिय अनुमान

रकम रु. हजारमा

| आ.व. | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वितीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२।८३ | 10800 | 1800 | 9000 | | 1800 | 9000 | 0 | 0 |
| २०८३।८४ | 11000 | 2000 | 9000 | | 2000 | 9000 | 0 | 0 |
| २०८४।८५ | 11100 | 1100 | 10000 | | 1100 | 10000 | 0 | 0 |

७. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम आयोजना | उद्देश्य | सुरु र समाप्ती अवधि | कुल लागत रु हजारमा | आगामी ३ वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| 1 | पर्यटकीय क्षेत्रहरुको विकास, धार्मिक क्षेत्रको संरक्षण तथा मर्मत सुधार, होम स्टे संचालन, पार्किङ्ग क्षेत्रको विकास | संस्कृतिक र पर्यटकीय क्षेत्रहरुको संरक्षण तथा संबर्द्धन गर्ने | सालबसाली | 32900 | पर्यटकीय स्थलको बृद्धीका कारण पर्यटन बढ्न्ने र धार्मिक मठ मन्दीरको उचित व्यवस्थापन तथा संरक्षण हुने, आय आर्जन बृद्धीमा सहयोग हुने र नगरपालिकाको राजश्व बृद्धीमा सहयोग पुग्ने । |

८. जोखिम पक्ष तथा अनुमान

पर्यटकीयक्षेत्रमा निजीक्षेत्रको लगानी बढेको हुने, तीनै तहका सरकार बीच नीतिगत समन्वय भएको हुने, पर्यटन प्रवर्द्धनमा नजिकका स्थानीय तहहरु बीच समन्वय र सहकार्य भएको हुने आदि अनुमान गरिएको छ जसको परिपूर्ति विना निर्धारित नतिजा प्राप्तिमाजोखिम रहन्छ।

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

## ३.५ श्रम तथा रोजगारी

### १. पृष्ठभूमि

श्रम उत्पादनको महत्वपूर्ण र गतिशील साधन हो ।नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। यहाँको जनसंख्याको ५५[2] प्रतिशतभन्दा बढी जनसंख्या १५-५९ वर्ष उमेर समूह अर्थात्उत्पादनशील उमेर समूहमा पर्दछ जुन जनसाङ्खिक लाभको सुवर्ण अवसर हो।

### २. समस्या तथा चुनौती

समस्याःआन्तरिक स्वरोजगारी तथा रोजगारीका अवसर कम हुनु, वैदेशिक रोजगारीबाट अपेक्षित फाइदा लिन नसकिनु, सीपयुक्त जनशक्ति विकास गर्न नसकिनु,उपलब्ध शिप,तालिम र अनुभवलाई उद्यमशिलतामा रूपान्तरण गर्न नसकिनु आदि।

चुनौतीः अनौपचारिक क्षेत्रमा काम गरेको श्रमशक्तिको गणना गर्नु, आन्तरिक रोजगारीका अवसर वृद्धि गर्नु, वैदेशिक रोजगारी विवरण संकलनआदि।

३. उद्देश्यः

रोजगारी एवंस्व-रोजगारीका अवसर वृद्धि गर्नु

४. रणनीतिः

- स्थानीय रोजगारीका अवसरमा वृद्धि गर्ने
- वैदेशिक रोजगारी बढि उत्पादनशील र व्यवस्थित बनाउने।
- श्रमिकको हक हितको संरक्षण गर्ने।

५. श्रम तथा रोजगार उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| श्रम रोजगारी उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचक | एकाई | गत आ.ब. सम्मको वास्तविक उपलब्धी | चालु आ.ब. सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
| | | | | २०८२\८३ | २०८३\८४ | २०८४\८५ |
| वेरोजगारी दर | प्रतिशत | ११.२ | ११ | १०.५० | १० | ९.५ |
| गैरकृषि क्षेत्रको रोजगारी | संख्या | ४१७० | १०० | २०० | २५० | ३०० |

[2]शितगंगा नगरपालिका पार्शवचित्र, २०७६

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय थाडा, अर्घाखाँची लुम्बिनी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| व्यवसायिक सीपमूलक तालिम | प्रतिशत | ६.५ | ०.२ | ०.५ | ०.७ | १ |

६. विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षिय अनुमान

रकम रु. हजारमा

| आ.ब. | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२।८३ | 1900 | 1900 | 0 | 0 | 0 | 1900 | 0 | 0 |
| २०८३।८४ | 2000 | 2000 | 0 | 0 | 0 | 2000 | 0 | 0 |
| २०८४।८५ | 10000 | 10000 | | 0 | 0 | 10000 | | |

७. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम आयोजना | उद्देश्य | सुरु र समासी अवधि | कुल लागत रु हजारमा | आगामी ३ वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | रोजगार सेवा सम्बन्धि व्यवस्थापन | क्षमता विकास तथा स्थानिय रोजगारी श्रृजना गर्ने | सालबसाली | 13900 | बेरोजगारीदर घट्ने, गैरकृषि क्षेत्रको रोजगारी, व्यवसायिक सीपमूलक तालिम |

८. जोखिम पक्ष तथा अनुमान

निजीक्षेत्रको रोजगारीमूलक क्षेत्रमा लगानी बढेको हुने, तीनै तहका सरकारको नीतिगत समन्वय भएको हुने, वैदेशिक रोजगारी बढि उत्पादनशील र व्यवस्थित भएको हुनेआदि।

## ३.६ सिंचाई

### १. पृष्ठभूमि

सिंचाई कृषि विकासको प्रमूख आधार हो। यो नगरपालिकाको दुई तिहाईभन्दा बढी जनसंख्याको मूख्य पेशा कृषि भएको परिप्रेक्ष्यमा कृषिको उत्पादकत्व वृद्धि गरि जनताको जीवनस्तर उकास्न सिंचाइको विकास अनिवार्य हुन आउँछ।

### २. समस्या तथा चुनौती

समस्याः करिबदुई तिहाई खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुग्न पुर्याउन नसकिनु, भएका सिंचाई योजनाको नियमित मर्मत सम्भार र दिगो व्यवस्थापन नहुनु आदि।

चुनौतीः सबै खेतीयोग्य जमिनमा सिंचाई पुऱ्याउनु, सिंचाई प्रणालीको पूर्ण उपयोग गर्नु आदि।

### ३. उद्देश्यः

सम्पूर्ण कृषियोग्य जमिनमा सिंचाई सुविधा पुर्याउनु।

### ४. रणनीतिः

- खोला,नाला आदि सिंचाईका श्रोतको पूर्ण उपयोग गरी सिंचाई प्रणालीको विकास र विस्तार गर्ने,
- कुलो तथा नहरबाट सिंचाई हुन नसक्ने ठाउँमा नया प्रविधिमा आधारित सिंचाई योजना (पोखरी, थोपा, ड्रिप, लिफ्ट सिंचाई आदि)विकास गर्ने,
- सिंचाई प्रणालीको मर्मत सम्भार रदिगो व्यवस्थापन गर्ने।

### ५. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

सिंचाई उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.ब. सम्मको वास्तविक उपलब्धी | चालु आ.ब. सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२\८३ | ०८३\८४ | ०८४\८५ |
| बाह्रै महिना सिंचाइ हुने क्षेत्र | प्रतिशत | ६.९२ | १.५ | १ | १.५ | २ |
| प्रयोगमा आएका सिंचाइ प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट आदि) | प्रकार | ३ | ० | ० | ० | ० |
| सुचारु सिंचाइ आयोजना | संख्या | ५० | १ | २ | ३ | ४ |

### ६. विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षिय अनुमान

रकम रु. हजारमा

| आ.व. | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वितीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२।८३ | 7500 | 0 | 7500 | 0 | 0 | 7500 | 0 | 0 |
| २०८३।८४ | 8000 | 0 | 8000 | 0 | 0 | 8000 | 0 | 0 |
| २०८४।८५ | 8500 | 0 | 8500 | 0 | 0 | 8500 | 0 | 0 |

७. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम आयोजना | उद्देश्य | सुरु र समाप्ती अवधि | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विभिन्न सिंचाइ कुलो पक्की नर्माण, मर्मत सुधार | सिंचाई प्रणालीको मर्मत संभार र दिगो व्यवस्थापन गर्ने। | सालबसाली | 24000 | उचित सिंचाइ प्रणालीबाट उत्पादन बृद्धी भइ किसान लाभान्वित हुने |

८. जोखिम पक्ष तथा अनुमान

कृषक, सिंचाई उपभोक्ता संघ तथा सिंचाई सम्बन्धी काम गर्ने संघसंस्था बीच सहकार्य भएको हुने,सिंचाई विकासमा तीनै तहका सरकारको सहकार्य भएको हुनेआदि।

## परिच्छेद ४ - सामाजिक क्षेत्र

यस क्षेत्र अन्तर्गत स्वास्थ्य तथा पोषण, शिक्षा,युवा, खेलकुद तथा नवप्रवर्तन, महिला, बालबालिका तथा समाज कल्याण, खानेपानी तथा सरसफाई आदि उपक्षेत्रहरू पर्दछन। उपक्षेत्रगत विवरण देहाय अनुसार उल्लेख गरिएको छ।

शितगंगा नगर कार्यपालिकाको कार्यालय

## ४.१ स्वास्थ्य तथा पोषण

### १. पृष्ठभूमि

स्वस्थ मानव जीवनको अति महत्वपूर्ण आधार र मानव विकासको प्रमूख सूचक हो। नेपालको संविधानले आधारभूत स्वास्थ्यलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। स्वास्थ्य नेपालका तीनै तहका सरकारको प्राथमिकतामा पर्नुका साथैदिगो विकासको लक्ष्यमा समेत समावेश गरिएको छ।

### २. समस्या तथा चुनौती

**समस्याः** नगरपालिकामा अस्पताल नहुनु, स्वास्थ्य चौकीहरुमा दरवंदी सबै परिपूर्ति नहुनु, स्वस्थ वीमामा आवद्धता कमजोर हुनु, पोषणको कमी, वैकल्पिक चिकित्सा पद्धति नहुनु आदि।

**चुनौतीः** सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको दायरामा ल्याउनु, नगरपालिकामा आधारभूत सुविधा सहितको अस्पतालको निर्माण गर्नु, स्वास्थ्य पूर्वाधारको विकास र जनशक्तिको व्यवस्था गर्नु, सबै नागरिकलाई स्वास्थ्य वीमाको दायरामा ल्याउनु, नागरिकलाई स्वास्थ्य सम्वन्धी चेतना फैलाउनु, वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गर्नु आदि।

### ३. उद्देश्य

आधारभूत स्वास्थ्य सेवामा सबैनागरिककोपहुँचस्थापित गर्दै स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारीबनाउनु।

### ४. रणनीतिः

निःशुल्क स्वास्थ्य सुविधा पुर्याउने।

- आधारभूत स्वास्थ्यमा सबैनगरवासीको सहज पहुँचकासाथै निःशुल्क स्वास्थ्य सुविधा पुर्याउने।
- सबै स्वास्थ्य संस्थामास्वास्थ्यकर्मी, वर्थिङ सुविधा, प्रयोगशाला र स्वास्थ्य उपकरणको व्यवस्था गर्ने।
- आयुर्वेदिक तथा अन्य वैकल्पिक स्वास्थ्य सेवा  विस्तार गर्ने।
- स्वास्थ्य तथा पोषण सम्वन्धीजनचेतनाविकास गर्ने।

### ५. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| स्वास्थ्य उपक्षेत्रको नतिजा सूचक र लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचक | एकाई | गत आ.ब. सम्मको वास्तविक उपलब्धी | चालु आ.ब. सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
| | | | | २०८२\८३ | २०८३\८४ | २०८४\८५ |

शितगंगा नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय

| स्वास्थ्य उपक्षेत्रको नतिजा सूचक र लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचक | एकाई | गत आ.ब. सम्मको वास्तविक उपलब्धी | चालु आ.ब. सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
| | | | | २०८२\८३ | २०८३\८४ | २०८४\८५ |
| औसत आयु | वर्ष | ७० | ७१ | ७२ | ७३ | ७४ |
| बढिमा आधा घंटाभित्र पैदल सस्थामा पहुँच भएकोघरधुरी (गाउँ घर क्लिनिक समेत) | प्रतिशत | ९० | ९१ | ९२ | ९३ | ९४ |
| प्राथमिक स्वास्थ्य केन्द्र\अस्पताल पुग्न लाग्नेऔसत समय (पैदल) | मिनेट | ६० | ६० | ६० | ६० | ६० |
| पूर्ण खोप | प्रतिशत | ८७ | | | | |
| पूर्व प्रशुती सेवा ४ पटक प्राप्त गर्ने महिला | प्रतिशत | ३० | | | | |
| स्वास्थ्य वीमाको दायरा | प्रतिशत | १० | | | | |
| स्वास्थ्य संस्थामा सुत्केरी | प्रतिशत | ३० | | | | |
| झाडापखाला संक्रमण दर | प्रतिहजार | | | | | |
| स्वासप्रस्वास संक्रमण दर | प्रतिहजार | | | | | |
| स्वास्थ्य संस्था | संख्या | ३७ | ३७ | ० | ० | ० |
| प्रसुती सेवा उपलब्ध स्वास्थ्य संस्था | संख्या | १० | | | | |
| बिरामी उपचार बेड संख्या | संख्या | २५ | | | | |
| एम्वुलेन्स | संख्या | ४ | १ | १ | ० | ० |
| आयुर्वेद तथा अन्य वैकल्पिक स्वास्थ्य संस्था | संख्या | १ | ० | ० | ० | ० |

६. विषय स्वास्थ्य उपक्षेत्रको त्रिबर्षिय खर्च तथा श्रोतको त्रिवर्षिय अनुमान

रकम रु. हजारमा

| आ.ब. | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२।८३ | 73500 | 63500 | 10000 | 0 | 5400 | 5810 | 10000 | 0 |
| २०८३।८४ | 75700 | 64500 | 11200 | 0 | 6000 | 59700 | 10000 | 0 |
| २०८४।८५ | 69000 | 69000 | 0 | | 4000 | 60000 | 5000 | 0 |

७. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम आयोजना | उद्देश्य | सुरु र समाप्ती अवधि | लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | निशुल्क वितरणको लागि औषधी खरिद, वडा नं. ७ स्वास्थ्य चौकी भवन निर्माण, एम्बुलेन्स संचालन व्यवस्थापन, विभिन्न किसिमका क्षमता विकास तालिम सञ्चालन, नियमित तथा समिक्षा बैठक संचालन, महिला स्वयमसेविका परिचालन तथा विमा कार्यक्रम, आर्युवेद सेवा कार्यक्रम, पोषण सम्बन्धि कार्यक्रम संचालन, महामारी रोगको रोकथामका कार्यक्रम संचालन आदी | निशुल्क स्वास्थ्य सुविधा पुर्याउने। | सालबसाली | 218200 | सहज स्वास्थ्य सुविधा प्राप्त गर्ने. औसत आयुमा वृद्धि हुने, स्वास्थ्य सेवा स्थितिमा सुधार हुने |

८. जोखिम पक्ष तथा अनुमान

स्वास्थ्य सेवाको विकास र विस्तारमा तीनै तहका सरकार, गैर सरकारी संस्था, निजीक्षेत्रको समन्वय र सहकार्य भएको हुने, स्वास्थ्य वीमाको दायरा बढेको हुने, नागरिकमा पोषण तथा स्वास्थ्य सम्बन्धी चेतना बढेको हुने आदि।

## ४.२ शिक्षा, विज्ञान तथा प्रविधि

## १. पृष्ठभूमि

शिक्षाले मानव जीवनलाई अँध्यारोबाट उज्यालोतर्फ डोर्याउछ। योमानव विकासमा सूचकाङ्कको महत्वपूर्ण आधार हो। नेपालको संविधानले आधारभूत शिक्षामा प्रत्येक नागरिककोपहुँचको हकस्थापित गर्नुकासाथै आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क एवं माध्यामिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। दिगो विकासका लक्ष्य नं ४"गुणस्तरीय शिक्षा"को लक्ष्य प्राप्ति यसै क्षेत्रको नतिजामा निर्भर रहन्छ।

## २. समस्या तथा चुनौती

समस्याः सामुदायिक विद्यालयको सिकाई उपलब्धि दर कमजोर हुन,विद्यालयमा विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब नभएको, पुस्तकालयको कमी हुनु, विद्यार्थीको तुलनामा शौचालयको संख्या नहुनु, विद्यालय व्यवस्थापन कमजोर हुनु आदि ।

चुनौतीःविद्यालयको भौतिक एवं शैक्षिक पूर्वाधारको विकास गर्नु, सिकाई उपलब्धि वृद्धि गर्नु, व्यवहारिक तथा प्राविधिक शिक्षाको विस्तार गर्नु, विद्यालयको व्यवस्थापन सुधार गर्नु आदि।

## ३. उद्देश्य

आधारभूत तथा माध्यामिक शिक्षामा सबैकोपहुँच सुनिश्चित गर्दै व्यवहारिक एवं जीवन उपयोगी शिक्षाको विकास गर्नु।

## ४. रणनीतिः

- शैक्षिक गुणस्तरमा सुधार गर्ने।
- प्राविधिक शिक्षामा जोड दिने।
- भर्ना दर सत प्रतिशत पार्ने र कक्षा छाड्ने दर शून्य पार्ने।
- सिकाई दरमा सुधार गर्ने।

## ५. शिक्षा क्षेत्रको  नतिजा सूचक र लक्ष्य

| शिक्षाको उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य | | | | |
|---|---|---|---|---|
| सूचक | एकाई | गत | चालु | मध्यमकालिन लक्ष्य |

| | | आ.ब. सम्मको वास्तविक उपलब्धी | आ.ब. सम्मको अनुमानित उपलब्धी | २०८२\८३ | २०८३\८४ | २०८४\८५ |
|---|---|---|---|---|---|---|
| साक्षार जनसंख्या (५ वर्ष माथि) | प्रतिशत | ७८ | ७८ | | | |
| प्राविधिक धारका विद्यालय | संख्या | ० | ० | १ | ० | ० |
| प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी संख्या | संख्या | ७५ | | | | |
| आधारभूत तहमा खुद भर्ना दर | प्रतिशत | | | | | |
| कक्षा छोड्ने दर (१-५) | प्रतिशत | | | | | |
| कक्षा छोड्ने दर (६-८) | प्रतिशत | | | | | |
| बाल विकास केन्द्रमा भर्ना दर | प्रतिशत | | | | | |
| अपाङ्गमैत्री पूर्वाधार भएको विद्यालय | प्रतिशत | ५ | | | | |
| विज्ञान प्रयोगशाला भएको विद्यालय | प्रतिशत | ३० | | | | |
| इन्टरनेट सुविधा भएको | संख्या | ५० | | | | |
| बालमैत्री सिकाई अवलम्वन गर्ने विद्यालय | प्रतिशत | ४० | | | | |
| शिक्षक विद्यार्थी अनुपात | प्रतिशत | | | | | |
| विद्यार्थी कक्षा कोठा अनुपात | अनुपात | | | | | |

६. शिक्षा उपक्षेत्रको खर्च तथा श्रोतको त्रिवर्षिय अनुमान

रकम रु. हजारमा

| आ.ब. | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वितीय | आन्तरिक | नेपाल सरकार | प्रदेश | ऋण तथा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | व्यवस्था | स्रोत | | सरकार | अन्य |
| २०८२।८३ | 395970 | 394970 | 1000 | 0 | 0 | 395970 | 0 | 0 |
| २०८३।८४ | 397050 | 396050 | 1000 | 0 | 0 | 397050 | 0 | 0 |
| २०८४।८५ | 397050 | 396050 | 1000 | 0 | 0 | 397050 | 0 | 0 |

७. शिक्षा उपक्षेत्रका कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम आयोजना | उद्देश्य | सुरु र समाप्ती अवधि | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | शिक्षा व्यवस्थापन, खानेपानी मर्मत सुधार, ल्याव व्यवस्थान, लाइब्रेरी सथापना, निशुल्क पाठ्यपुस्तक वितरण, छात्रबृद्धी वितरण, वियालय संचालन, भवन मर्मत सुधार तथा निर्माण, शौचालय व्यवस्थापन, दिवा खाजा व्यवस्थापन, विभिन्न तालिम तथा बैठक संचालन, कम्प्युटर व्यवस्थापन, स्यानिटरी प्याड व्यवस्थापन, बाह्र कक्षा सम्म निशुल्क शिक्षा व्यवस्थापन, अतिरिक्त कक्षा संचालन, | शैक्षिक गुणस्तरमा सुधार गर्ने | सालबसाली | 1190070 | साक्षार जनसंख्यामा वृद्धि हुने, गुणस्तरीय शिक्षा प्रदान हुने । |

८. जोखिम पक्ष तथा अनुमान

नतिजा प्राप्तिका लागि तीनै तहका सरकारको नीतिगत समन्वय भएको हुने, गैर सरकारी संस्था, निजीक्षेत्रसंग सहकार्य हुने, अभिभावक, विद्यालय व्यवस्थापन समितिको क्षमता विकास भएको हुने आदि।

## ४.३ युवा तथाखेलकुद

### १. पृष्ठभूमि

युवा जनशक्ति देश विकासका लागि अति महत्वपूर्ण मानव श्रोत हुन। युवा विकास र समृद्धि आधार र परिवर्तनका संम्वाहक हुन।खेलकुद शारिरीक तथा मानसिक विकासको महत्वपूर्ण माध्यम हो।युवा

शक्तिकोउत्पादनशील परिचालनले दिगोविकासका लक्ष्य प्रासिमा युवाको भूमिका महत्वपूर्ण छ भने खेलकुदले स्वस्थ जीवन बिताउनमहत्वपूर्ण योगदान गर्दछ।

२. समस्या तथा चुनौती

समस्याः युवाको उत्पादनशील क्षेत्रमापरिचालन हुन नसक्नु, युवा पलायन बढ्दै जानु, खेलकुदको विकास हुन नसक्नु, अभिभावकहरूमाखेलकुदजागरूकता नहुनु आदि।

चुनौतीः युवा उद्यमशिलताको विकास गरीउत्पादनशिल कार्यमा उपयोग गर्नु, आन्तरिक रोजगारी सृजना गरी युवा पलायन रोक्नु, विद्यालयदेखिनै खेलकुदको विकास गर्नु, खेलकुद पूर्वाधारको निर्माण गर्नु, व्यवसायिक खेलकुदको विकास गर्नु आदि।

३. उद्देश्य

१. युवामा उद्यमशिलता विकास गरी आन्तरिक रोजगारी बढाउनु ।

२. व्यबसायिक खेलकुदको विकास गर्नु।

४. रणनीतिः

- युवाको व्यबसायिक सीपकोविकास गर्ने।
- युवाको सीप एवं दक्षताको उत्पादनशिल उपयोग गर्ने।
- खेलकुद पूर्वाधारकोविकास गर्ने।

५. शितगंगा नगरपालिकाको युवा तथा खेलकुद उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

युवा तथा खेलकुद उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.ब. सम्मको वास्तविक उपलब्धी | चालु आ.ब. सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२\८३ | २०८३\८४ | २०८४\८५ |
| खेल मैदान निर्माण तथा मर्मत सुधार | संख्या | १८ | १ | २१ | २१ | २१ |
| विभिन्न खेलकुद कार्यक्रमहरु संचालन | पटक | १७ | १७ | १७ | १७ | १७ |

६. विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षिय अनुमान

रकम रु. हजारमा

| आ.ब. | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२।८३ | 3500 | 2800 | 700 | 0 | 0 | 35000 | 0 | 0 |
| २०८३।८४ | 3500 | 2800 | 700 | 0 | 0 | 3500 | 0 | 0 |
| २०८४।८५ | 3500 | 2800 | 700 | 0 | 0 | 3500 | 0 | 0 |

७. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम आयोजना | उद्देश्य | सुरु र समाप्ती अवधि | रकम रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | युवाहरुको लागि खेलकुद तथा राष्ट्रपति रनिङ्ग शिल्ड, मेयर, उपमेयर, वडा अध्यक्ष खेलकुद तथा विभिन्न वडामा खेलकुद कार्यक्रम संचालन र खेलमैदान मर्मत सुधार कार्यक्रम संचालन | खेल पूर्वाधार निर्माण गरी खेलकुदको विकास गर्नु | सालबसाली | 10500 | खेलको विकास हुने, स्वास्थ्य जिवन यापनमा सहज हुने |

८. जोखिम पक्ष तथा अनुमान

खेलकुद विकासमा तीनै तहका सरकारको नीतिगत समन्वय तथा सहकार्य भएको हुने, खेलकुद पूर्वाधारको विकास भएको हुने, खेलकुद प्रति विद्यालय, अभिभावक, निजीक्षेत्र सबैको सकारात्मक सोचको विकास भएको हुने आदि।

## ४.४ महिला, बालबालिका तथा समाज कल्याण

१. पृष्ठभूमि

सबै वर्ग, लिङ्ग, जात जाति, समुदाय र क्षेत्रको समानुपातिक विकास विना नगरपालिकाकोविकास हुन सक्दैन। नेपालको संविधानले पनि सबैवर्ग, लिङ्ग र समुदायको हकको सुनिश्चित गर्दै समावेशी विकास एवं

शितगंगा नगर... नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

सहभागितालाई आत्मसात गरेको छ। संविधानको यसै मर्म र राष्ट्रको नीति एवं प्राथमिकताअनुरुप शितगंगा नगरपालिकाले पनि समावेशी विकास र सहभागिता एवं सामाजिक सुरक्षाको नीति अवलम्बन गरेको छ।

## २. समस्या तथा चुनौती

**समस्या:**महिला तथा पिछडिएका जात जाति वर्ग समुदायमा आफ्नो अधिकारप्रतिबारे चेतना जगाउन नसकिनु, महिला तथा महिला तथा समावेशी वर्ग लक्षित बजेट कम विनियोजन गरिनु, सम्पत्ति तथा श्रोत साधनमा महिलाको कानुनी अधिकार स्थापित गराउन नसकिनु, नेतृत्व तहमा महिला, वञ्चितिकरणमा परेका वर्ग र समुदाय, अपाङ्गता भएका व्यक्ति, दलित, जनजातिहरु तथा लक्षित वर्गको समावेशीकरण र सहभागितामा अपेक्षितरुपमा बढाउन नसकिनु, सामाजिक असमानता विद्यमान रहनु आदि।

**चुनौती:** लैङ्गिक हिंसा तथा विभेद रोक्नु, सामाजिक रुढिवादी सोचमा परिवर्तन ल्याउनु, समावेशी नेतृत्वको विकास गर्नु, महिला तथा पछाडी परेका र पारिएका वर्गको क्षमता विकास गर्नु आदि।

## ३. उद्देश्य

सबै लिङ्ग, वर्ग, जाति तथा क्षेत्रको समावेशी विकास र सहभागिता सुनिश्चित गर्नु ।

## ४. रणनीतिः

- नगरपालिका भित्रका महिला, पिछडिएको वर्ग, दलित, मुस्लिम, मधेशी, अल्पसंख्यक, जनजातितथा अन्य लक्षित समुदायको क्षमता विकास गरी समावेशी सहभागिता बढाउने,
- क्षमता विकास गरी नेतृत्व तहमा समावेशी प्रतिनिधित्वको विकास गर्ने,
- बालबालिका, जेष्ठनागरिक, असक्त, अपाङ्गता भएका आदिको संरक्षण एवं सामाजिक सुरक्षाको व्यवस्था गर्ने।

## ५. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

महिला, बालबालिका तथा समाज कल्याण उपक्षेत्रको नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.ब. सम्मको वास्तविक उपलब्धी | चालु आ.ब. सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२\८३ | २०८३\८४ | २०८४\८५ |
| | | | | | | |

| महिला, बालबालिका तथा समाज कल्याण उपक्षेत्रको नतिजा सूचक र लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचक | एकाई | गत आ.ब. सम्मको वास्तविक उपलब्धी | चालु आ.ब. सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
| | | | | २०८२\८३ | २०८३\८४ | २०८४\८५ |
| नगरपालिका अन्तर्गतका उपभोक्ता समिति, संघ सस्था आदिमा महिला तथा लक्षित वर्गको समावेशी सहभागिता | प्रतिशत | ३३ | ३३ | ४१ | ४२ | ४५ |
| लैङ्गिक हिंसा सम्वन्धी घटना | संख्या | १३ | ३ | ३ | ३ | ३ |
| परिचयपत्र प्राप्त अपांगता भएका व्यक्ति | संख्या | ६९२ | ७५४ | ७९५ | ८२५ | ८५४ |
| जेष्ठ नागरिक मिलन केन्द्र | संख्या | १ | २ | २ | २ | ३ |
| सामाजिक सुरक्षाबाट लाभान्वित व्यक्ति | संख्या | ४८१ | ३७६ | ४२९ | ४७३ | ५०८ |
| नगरपालिका भित्र बाल क्लव | संख्या | १४ | १४ | १५ | १५ | १५ |

६. महिला, बालबालिका तथा समाज कल्याण उपक्षेत्रको खर्च तथा श्रोतको त्रिवर्षिय अनुमान

रकम रु. हजारमा

| आ.ब. | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२।८३ | 7145 | 7145 | 0 | 0 | 7145 | 0 | 0 | 0 |
| २०८३।८४ | 5600 | 4800 | 800 | 0 | 5600 | 0 | 0 | 0 |
| २०८४।८५ | 6000 | 5500 | 500 | 0 | 0 | 6000 | 0 | 0 |

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

७. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम आयोजना | उद्देश्य | सुरु तथा समाप्ती अवधि | रकम रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | महिला,दलित, जनजाती, अपाङ्ग, बालवालिका, जेष्ठ नागरिक, युवा लक्षित विभिन्न कार्यक्रमहरु संचालन गर्ने, विभिन्न शिविरहरु सञ्जालन गर्ने, सम्मान कार्यक्रम तथा एकल महिला पुरुष, ग वर्गका अपाङ्ग मासिक भत्ता वितरण गर्ने, विभिन्न क्षमता मुलक कार्यक्रमहरु संचालन गर्ने, दिवा सेवा केन्द्र संचालन गर्ने, जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्ने। | क्षमता विकास गरी समावेशी प्रतिनिधित्व को विकास गर्ने, | सालबसाली | 18745 | लक्षित वर्गको समावेशी सहभागिता बृद्धी हुने, लैङ्गिक हिंसा मुलक घटनामा कमी आउने, विपन्न नागरिकको जिवन यापन सहज हुने, जेष्ठ नागरिकको सम्मान हुने, वालवालिकाको क्षमता विकास हुने, सबै वर्गको क्षमता विकास हुने । |

८. जोखिम पक्ष तथा अनुमान

निजीक्षेत्र र सरोकारवाला संघ संस्था नागरिक समाज सँग सहकार्य भएको हुने, तीनै तहका सरकारको नीतिगत समन्वय र कार्यक्रम संचालनमा सहकार्य बढेको हुने, अधिकारवादी संघ संस्थाहरूको क्षमता र सहयोग बढेको हुने आदि।

## ४.५ खानेपानी तथा सरसफाई

१. पृष्ठभूमि

खानेपानी मानव जीवनको अनिवार्य आवश्यकता हो।स्वच्छ खानेपानी र सरसफाइ स्वस्थ जीवनयापनकाअपरिहार्य आवश्यकता हुन। नेपालको संबिधानले नागरिकको खानेपानी तथा सरसफाइमा पहुचलाई मौलिकहकको रुपमा लिएको छ। खानेपानी तथा सरसफाई शितगंगा नगरपालिकाको प्राथमिकताको विषय हो।

२. समस्या तथा चुनौती

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

समस्याः, खानेपानीका श्रोतको पर्याप्त उपयोग नहुनु,संचालित खानेपानीका आयोजनाहरूको व्यवस्थापन र मर्मत सम्भार कमजोर हुनु, पानी शुद्धीकरणगरी वितरण गर्न नसकिनु, सरसफाईको चेतना सबै नागरिकसम्म पुर्याउन नसकिनु, आदि।

चुनौतीः सबै घरपरिवारलाई पाइपद्वारा पानीको सुविधा पुर्याउनु, गुणस्तरीय तथाशुद्ध खानेपानीको वितरण गर्नु,एक घर एक कम्तीमा एक चर्पीको व्यवस्थागर्नु,सरसफाई सम्बन्धी जनचेतना जगाउनु,आदि।

### ३. उद्देश्य

सबै नागरिकमा स्वच्छ खानेपानी र सरसफाईको पहुँच सुनिश्चित गर्नु, ।

### ४. रणनीतिः

- सबै घरपरिवारलाई स्वच्छ खानेपानीको व्यवस्था गर्ने,
- खानेपानीको आपूर्ति, मर्मत सम्भार र दिगो व्यवस्थापनमा सरोकारवाला संघसंस्थाहरुसंग सहकार्य गर्ने,
- सरसफाईलाई अभियानकोरूपमा सञ्चालन गर्ने,
- सबै घरपरिवारमा चर्पीलाई अभियानकोरूपमा संचालन गर्ने।

### ५. विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| खानेपानी तथा सरसफाई उपक्षेत्रको नतिजा सूचक रलक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचक | एकाई | गत आ.ब. सम्मको वास्तविक उपलब्धी | चालु आ.ब. सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
| | | | | २०८२\८३ | २०८३\८४ | २०८४\८५ |
| पाइपबाट वितरित खानेपानी उपभोग गर्ने परिवार | प्रतिशत | ८१ | २ | ३ | ४ | ५ |
| निजीधारा जडान गर्ने परिवार | प्रतिशत | २० | २ | ५ | ५ | ५ |
| पानी शुद्धीकरण गरी प्रयोग गर्ने परिवार | प्रतिशत | ३० | २ | ५ | ५ | ५ |
| शौचालय भएको घरधुरी | प्रतिशत | ९६.९ | ९७.५ | ९८ | ९८.५ | ९९ |
| सार्वजनिक शौचालय | संख्या | १० | ० | १ | १ | १ |

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

| खानेपानी तथा सरसफाई उपक्षेत्रको नतिजा सूचक रलक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचक | एकाई | गत आ.ब. सम्मको वास्तविक उपलब्धी | चालु आ.ब. सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
| | | | | २०८२\८३ | २०८३\८४ | २०८४\८५ |
| ल्याण्डफिल्ड साइट निर्माण तथा मर्मत सुधार | संख्या | १ | १ | २ | २ | २ |
| सरसफाईको चेतनामूलक कार्यक्रम संचालन ( वार्षिक) | पटक | १४ | १४ | १४ | १४ | १४ |

६. खानेपानी तथा सरसफाई उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षिय अनुमान

रकम रु. हजारमा

| आ.ब. | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वितीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२।८३ | 10835 | 2000 | 8835 | 0 | 10835 | 0 | 0 | 0 |
| २०८३।८४ | 13500 | 2500 | 11000 | 0 | 1000 | 10000 | 2500 | 0 |
| २०८४।८५ | 14000 | 2500 | 11500 | 0 | 1500 | 10000 | 2500 | 0 |

७. खानेपानी तथा सरसफाई अन्तर्गतका आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम आयोजना | उद्देश्य | सुरु र समासी अवधि | रकम रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | विभिन्न खा मर्मत .पा., लिफ्ट खा.पा. विधुत महशुल भुक्तानी, | स्वच्छ खानेपानीको | सालबसाली | 38335 | स्वच्छ खानेपानीको उचित व्यवस्थापनमा हुने, समयको बचत |

| क्र.सं. | कार्यक्रम आयोजना | उद्देश्य | सुरु र समाप्ती अवधि | रकम रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | खा.पा.मोटर मर्मत, पधेरा मर्मत | व्यवस्था गर्ने | | | हुने, खानेपानीको सुविधा हुने । |

### ८. जोखिम पक्ष तथा अनुमान

तीनै तहका सरकारको नीतिगत समन्वय भएको हुने, निजीक्षेत्र तथा विभिन्न सरोकारवाला संघसंस्थाहरुको समन्वय र सहकार्य भएको हुने आदि।

## परिच्छेद ५ - पूर्वाधार क्षेत्र

पूर्वाधार क्षेत्र अन्तर्गत भवन, आवास, बस्ती तथा शहरी विकास, सडक तथा यातायात व्यवस्था, जलस्रोत, विद्युततथा वैकल्पिक ऊर्जा, सूचना तथा सञ्चार,उपक्षेत्रहरु पर्दछन। उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना निम्नानुसार छ।

### ५.१ भवन, आवास, बस्ती तथा शहरी विकास

#### १. पृष्ठभूमि

आवास मानिसको आधारभूत हो भने व्यवस्थित बस्ती विकास तथा सहरीकरणले सहरी पूर्वाधारको विकास गर्न र सहरी सौन्दर्यलाई कायम गर्न मद्दत गर्दछ। संविधानले आवासलाई मौलिक हककोरूपमा स्थापित गरेको छ। दिगोविकास लक्ष्य नं ११ मा "दिगो शहर र बस्ती"सम्बन्धी लक्ष्य प्राप्तिमा यसक्षेत्रको भूमिका महत्वपूर्ण छ।

#### २. समस्या तथा चुनौती

समस्याः नगरपालिकाको भू उपयोग योजना नहुँदाजथाभाबी बस्ती विकास हुनु,सबै बस्तीमा न्यूनतम पूर्वाधार नपुग्नु, राष्ट्रिय भवन संहिता अनुसार घरहरू निर्माण नहुनु आदि।

चुनौतीः भू उपयोग नीति तर्जुमा गरी व्यवस्थित शहरी विकास योजना तयार गर्नु, व्यवस्थित बस्ती विकासगरी सहरी पूर्वाधारको विकास गर्नु, भवन आचार संहिता पालना गराउनु, जथाभाबी जग्गाको खण्डीकरण र घडेरीकरणरोक्नु आदि।

शितगंगा नगरपालिकाको मध्यमकालीन खर्च संरचना(आ.व. २०८२/८३-२०८४/८५)

३. उद्देश्यः

व्यवस्थित सहरीकरण गर्नु।

४. रणनीतिः

- भू उपयोग नीति र सहरीकरण योजना तर्जुमा गरी पूर्वाधारयुक्त एकिकृत वस्ती विकास गर्ने।
- भवन मापदण्डको पूर्ण पालन गर्ने, गराउने।

५. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| भवन, आवास, बस्ती तथा शहरी विकास उपक्षेत्रको नतिजा सूचक र लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचक | एकाई | गत आ.ब.सम्मको वास्तविक उपलब्धी | चालुआ.ब. सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
| | | | | २०८२\८३ | २०८३\८४ | २०८४\८५ |
| आफ्नै घर भएका परिवार | प्रतिशत | १०० | ० | ० | ० | ० |
| भवन संहिता अनुसार निर्माण भएकाभवन तथा संरचना | प्रतिशत | ११.९ | १ | २ | ३ | ४ |
| ५आफ्नै भवन भएका वडा कार्यालय संख्या | संख्या | १४ | ० | ० | ० | ० |
| आधारभूत पूर्वाधार सहितको व्यवस्थित बजार | संख्या | ८ | १ | १ | १ | १ |
| एकिकृत बस्ती | संख्या | ० | ० | २ | १ | १ |

६. भवन, आवास, बस्ती तथा शहरी विकास उपक्षेत्रको खर्च तथा श्रोतको त्रिवर्षिय अनुमान

रकम रु. हजारमा

| आ.ब. | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८२।८३ | 13200 | 0 | 13500 | 0 | 0 | 13500 | 0 | 0 |
| २०८३।८४ | 13500 | 0 | 13500 | 0 | 0 | 13500 | 0 | 0 |
| २०८४।८५ | 14000 | 0 | 14000 | 0 | 0 | 0 | 14000 | 0 |

७. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम आयोजना | उद्देश्य | सुरु र समाप्ती अवधि | लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | वडा कार्यालय भवन निर्माण, खारको छाना विस्थापन, सुरक्षित नागरिक आवास भवन निर्माण, अन्य सहरी पूर्वाधार निर्माण | भवन निर्माण, घर निर्माण, अन्य पूर्वाधार निर्माण | सालवासाली | 40700 | वडा कार्यालय भवन निर्माण हुने, खरको छाना विस्तापन हुने, सुरक्षित नागरिक आवास निर्माण हुने, अन्य सहरी पूर्वाधार नर्माण हुने |

८. जोखिम पक्ष तथा अनुमान

भू उपयोग नीति तर्जुमा भई कार्यान्वयन भएको हुने, निजीक्षेत्र, सरोकारवाला संघसंस्था र समुदायको सहयोग प्राप्त भएको हुने आदि।

## ५.२ सडक तथा यातायात व्यवस्था

१. पृष्ठभूमि

सडक यातायात मानव जीवनलाई सहज बनाउने एक महत्वपूर्ण आधार हो भने सम्पूर्ण आर्थिक तथा सामाजिक विकासको पूर्वाधार हो। सडक यातायात राष्ट्रिय प्राथमिकताकोसाथै शितगंगा नगरपालिकाको पनि प्राथमिकताको विषय हो।

२. समस्या तथा चुनौती

समस्या: सडक मापदण्डको पालन नहुनु, सडक निर्माणमा वातावरणीय पक्ष उपेक्षित हुनु, सडकको नियमित मर्मत सम्भार र स्तरोन्नति हुन नसक्नु, सडक क्षेत्रको अतिक्रमण हुनु, धेरै नागरिकहरु सार्वजनिक यातायात साधनको पहुँचबाट टाढा हुनु आदि।

चुनौतीः सबैवडा केन्द्र, महत्वपूर्ण पर्यटकीय स्थल र बस्तीहरूमा सडक र यातायातको पहुँच पुन्याउनु, वातावरणमैत्री सडकनिर्माण गर्नु, सडक निर्माणमा अन्तर सरकार समन्वय र सहकार्य गर्नु, बनेका सडकको स्तरोन्नती गरी सर्वयाम बनाउनु, सडकको नियमित मर्मत सम्भार र दिगो व्यवस्थापन गर्नु, सबै बस्तीबाटबढीमा आधाघण्टाको पैदल दूरीमा सर्वयाम सार्वजनिक यातायातको व्यवस्था गर्नु आदि ।

३. उद्देश्यः

नगरपालिकाका सबैवडा केन्द्र र मूख्य बस्तीहरूमासर्वयाम यातायातको सुविधा विस्तार गर्नु ।

४. रणनीतिः

- सबै वडा केन्द्र र मूख्य टोल तथा बस्तीहरुमा मापदण्डयुक्त सडक सञ्जाल विस्तार गर्ने,
- भएका सडकको स्तरोन्नति तथा सडकको नियमित मर्मत सम्भार र दिगोव्यवस्थापन गर्ने,
- आवश्यकता अनुसार सडक पुल र झोलुङ्गेपुलको निर्माण गर्ने,
- सबै वडाकेन्द्र तथा मूख्य बस्तीहरुमा सार्वजनिक बस सञ्चालनको व्यवस्था गर्ने।

५. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सडक तथा यातायात उपक्षेत्रको नतिजा सूचक र लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचक | एकाई | गत आ.ब.सम्मको वास्तविक उपलब्धी | चालु आ.ब. सम्मको अनुमानित उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
| | | | | २०८२\८३ | २०८३\८४ | २०८४\८५ |
| बढिमा आधा घन्टाको पैदल दुरीमा सार्बजनिक यातायातमा पहुंच भएका नागरिक | प्रतिशत | ७० | ५ | ७ | १० | १० |
| सर्बायाम सडकबाट जोडिएका वडा केन्द्र | संख्या | ११ | ० | १ | १ | २ |
| कच्ची सडक मर्मत सुधार | कि.मी. | १०७८ | १०७८ | १०८० | १०८० | १०८० |
| कालोपत्रे सडक, ढलान स | कि.मी. | २ | ४ | २ | ३ | ४ |
| झोलुङ्गे पुल | संख्या | ४२ | १ | १ | २ | ३ |

शितगंगा नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

## ७. सडक तथा यातायात व्यवस्था उपक्षेत्रको खर्च तथा श्रोतको त्रिवर्षिय अनुमान

रकम रुहजारमा .

| आ.ब. | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वितीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२।८३ | 192120 | 0 | 192120 | 0 | 0 | 192120 | 0 | 0 |
| २०८३।८४ | 209000 | 0 | 209000 | 0 | 0 | 209000 | 0 | 0 |
| २०८४।८५ | 210000 | 0 | 210000 | 0 | 0 | 205000 | 5000 | 0 |

## ७. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम आयोजना | उद्देश्य | सुरु र समासी अवधि | कूल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | ठाडा अमराइ जुकेना देउराली ऐरावती सडक स्तरोन्नती | सडक स्तरोन्नती | सालवासाली | 30000 | २ कि.मी सडक कालोपत्रे तथा स्तरेन्नती हुने |
